नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संघीय मामिला शाखा

पत्र सङ्ख्याः- सं. मा.शा. २०७४।०७५
चलानी संख्याः १६३

फोन नं. ४२११८९५
सिंहदरवार, काठमाडौँ

मितिः २०७५/०१/०३

विषयः- जिल्ला कृषि विकास कार्यालयहरु संचालन गर्ने सम्बन्धमा ।

श्री महाशाखा सबै (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) ।
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, ललितपुर ।
श्री केन्द्रिंय पञ्जिकरण विभाग, बबरमहल काठमाण्डौ ।
श्री जिल्ला समन्वय समिति (सबै) ।
श्री गाउँपालिका (सबै) ।
श्री नगरपालिका (सबै) ।

प्रस्तुत विषयमा, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/१२/२७ को निर्णयको छाँयाप्रति यसैसाथ संलग्न छ । उक्त निर्णयमा भएको व्यवस्थाको कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

बोधार्थः श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको Website मा Upload गरीदिनुहुन।

दुर्गा दाहाल
२०७५/०१/०३
दुर्गा दाहाल
(शाखा अधिकृत)

८१२
०६८१९२।२६

८८१
२०६४।१।३

नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नम्बर:- ०३३४
दर्ता मिति:- ०७५।१।३

विषय: जिल्ला कृषि विकास कार्यालयहरु चालु आ.व. ०७४।७५ को असार मसान्तसम्म यथावत रुपमा संचालन गर्ने सम्वन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति २०७४।१२।२७

१. विषयको संक्षिप्त व्यहोरा:

नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ को प्रावधान अनुसार "नेपाल सरकारका विषयगत मन्त्रालयले संविधान र यस ऐन बमोजिम गाउँपालिका तथा नगरपालिकालाई प्राप्त अधिकारलाई आधार मानी यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र आफू मातहतका निकायहरुको संगठनात्मक संरचना पुनरावलोकन गरी गाँउपालिका वा नगरपालिकाको कार्य जिम्मेवारी अनुसार सम्वन्धित नाममा रहेको सम्पति, दायित्व तथा बजेट सम्वन्धित गाँउपालिका वा नगरपालिकामा स्थानन्तरण हुने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ" भन्ने व्यवस्था भए वमोजिम कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि क्षेत्रको सांगठनिक संरचनाको पुनरावलोकन कार्य भैरहेको, किसानहरुको लागि अनुदानमा रासायनिक मलको आपूर्तिको कार्य सहज रुपमा गर्नु पर्ने, देशकै प्रमुख अन्न बाली धानको सिजन प्रारम्भ भई सकेको, नेपाल सरकारवाट २०७४ जेठ १५ गते बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरु संचालनमा रहेका र बाढी, पहिरो तथा भुकम्पवाट प्रभावित जिल्लाहरुमा पिडित कृषकहरु पहिचान गरी राहत वितरण गर्ने कार्य कार्यान्वयनको अन्तिम चरणमा रहेकोले जिल्ला कृषि विकास कार्यालयहरुले सम्पादन गर्दै आएका कार्यहरु आर्थिक वर्ष ०७४।७५ असार मसान्तसम्म यथावत रुपमा संचालन गर्न आवश्यक रहेको

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा: XXXXX

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस:

प्रकरण १ मा उल्लेखित कारणहरुका अतिरिक्त तपसिलमा उल्लेखित कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि क्षेत्रको सांगठनिक संरचनाको पुनरावलोकन कार्य सम्पन्न भई नसकेकोले जनशक्ति समायोजन लगायतका कारणहरुले गर्दा जिल्ला कृषि विकास कार्यालय आ.व. ०७४।७५ को असार मसान्तसम्म यथावत रुपमा रहने गरी निर्णयको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७४।१२।२७ मा निर्णय भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषयसंख्या २४ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

तपसिल

- किसानहरुको लागि अनुदानमा रासायनिक मलको आपूर्ति, सहकारी संस्थाहरुलाई अनुदानको मलखाद बिक्री वितरण, मल आपूर्ति तथा वितरण समितिको समन्वय एवं अनुगमनका कार्यहरुको व्यवस्थापन र विद्यमानमा व्यवस्था भएको रासायनिक मल, विषादी र बीउ निरीक्षण सम्वन्धी कार्यहरुलाई प्रतिस्थापन गर्ने नयाँ कानून निर्माण भै नसकेको ।
- देशकै प्रमुख अन्न बाली धानको सिजन समेत प्रारम्भ भई सकेको र ठुलो परिमाणमा आवश्यक पर्ने रासायनिक मलको व्यवस्थापन गर्ने संयन्त्र स्थानीय तहमा व्यवस्था भई नसकेको ।

- नेपाल सरकारवाट २०७४ जे[illegible] वजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरु संचालनमा रहेका, पूँजीगत निर्माण कार्यहरु कार्यान्वयनमा रहेको, चैते धान उत्पादन कार्यक्रम अन्तर्गत प्रोत्साहन कार्यक्रमहरु संचालनमा रहेको र अनुदानका बीउ वितरण गर्ने कार्यहरु बाँकी रहेको ।
- चालु आ.व.मा वाढी, पहिरो तथा भुकम्पबाट प्रभावित जिल्लाहरुमा पिडित कृषकहरु पहिचान गरी राहत वितरण गर्ने कार्य कार्यान्वयनको अन्तिम चरणमा रहेको ।
- स्थानीय तहहरुमा खटिएका कर्मचारीहरुको चालु आ.व.को तलव भत्ता सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुमा नै व्यवस्था भएको ।

४. <u>निर्णय हुनुपर्ने व्यहोरा:</u>

जिल्ला कृषि विकास कार्यालयहरुवाट सम्पादन भैरहेका कार्यहरु आ.व. ०७४।७५ को असार मसान्तसम्मको लागि सम्वन्धित जिल्ला कृषि विकास कार्यालयवाट यथावत रुपमा सञ्चालन हुनु पर्ने ।

मिति २०७४।१२।२७

(डा. युवकध्वज जि.सी.)
सचिव

श्री सचिव,
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ।

जिल्ला कृषि विकास कार्यालयहरु चालु आ.व. ०७४।७५ को असार मसान्तसम्म यथावत रुपमा संचालन गर्ने विषयको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको नं. ६/२-०७४/१२/२७ को प्रस्ताव मं.प.बै.सं: ६८/०७४ मिति २०७४/१२/२७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

<u>नेपाल सरकारको निर्णय</u> --

"प्रस्तावको प्रकरण ४ निर्णय हुनुपर्ने व्यहोरा अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायको व्यहोरा राखे -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ बमोजिम स्थानीय तहमा कार्यक्रम, बजेट, जनशक्ति, संगठन स्थानान्तरण गर्ने सन्दर्भमा चालु आर्थिक वर्ष २०७४।७५ को ९ महिना अवधि व्यतित भइसकेको र अधिकांश कार्यक्रमहरू कार्यान्वयनको अन्तिम चरणमा रहेको अवस्थासमेतलाई मध्यनजर गरी सबै विषयगत मन्त्रालय अन्तर्गतको बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन र स्थानीय तहमा हुने स्थानान्तरण कार्यलाई व्यवस्थित बनाउन देहायबमोजिम गर्ने—

(क) मिति २०७४ चैत २८ गतेसम्म सम्पन्न भएका स्थानीय तहको कार्यक्षेत्रभित्र परेका कार्यक्रमहरू स्थानीय तहमा स्थानान्तरण गर्ने ।

(ख) चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा परेका स्थानीय तहको कार्यक्षेत्रभित्रका कार्यक्रमहरूमध्ये मिति २०७४ चैत २८ गतेसम्म खरिदसम्बन्धी सूचना प्रकाशन भइसकेका कार्यक्रमहरू सोही अवस्थामा स्थानान्तरण गर्दा प्रक्रियागत जटिलता आउनसक्ने देखिएकोले कार्यक्रम सञ्चालन र बजेट व्यवस्थापनलाई सहज बनाउन र समयमै सम्पन्न गर्न त्यस्ता कार्यक्रमहरू मिति २०७५ असार मसान्तसम्म मौजुदा निकायबाटै सम्पादन गर्ने गरी अन्तरिम व्यवस्था गर्ने ।

(ग) संघको क्षेत्राधिकारभित्र परेका कार्यक्रमहरुको सम्बन्धमा अर्को संघीय निकायको व्यवस्था नभएसम्म मौजुदा निकायबाटै सम्पादन गर्ने ।

(घ) मिति २०७४ चैत २८ गतेसम्म काम शुरु नभएका स्थानीय तहको कार्यक्षेत्रभित्र परेका कार्यक्रमहरू र तत्सम्बन्धी बजेट तत् तत् स्थानीय तहलाई स्थानान्तरण गर्ने गरी विषयगत मन्त्रालयले कार्ययोजना तयार गरी अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

(ङ) अर्थ मन्त्रालयले खण्ड (घ) बमोजिम विषयगत मन्त्रालयबाट प्राप्त अनुरोधका आधारमा स्थानीय तहलाई बजेट स्थानान्तरण गर्ने व्यवस्था मिलाउने ।

(च) चालु आर्थिक वर्षको बाँकी अवधिभित्र खण्ड (ख) बमोजिम सम्पन्न हुने स्थानीय तहको कार्यक्षेत्रभित्र परेका आयोजना/कार्यक्रमहरू सम्पन्न हुनासाथ तत् तत् स्थानीय तहलाई स्थानान्तरण गर्ने ।

(छ) स्थानीय तहमा सेवा प्रवाहसम्बन्धी व्यवस्था, २०७४ को दफा २० बमोजिमको जिल्ला समन्वय समितिले दफा १८ र २० बमोजिमको कामको समन्वय गर्दा माथि खण्ड (क) देखि खण्ड (छ) सम्म उल्लिखित विषयहरूलाई समेत सहजीकरण गर्ने गरी कार्य गर्ने ।

(ज) जिल्ला शिक्षा कार्यालयहरूको सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/१२-०७४/१२/२७ को शिक्षा बिकास तथा समन्वय ईकाइको अन्तरिम संगठन सरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने विषयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्को मं.प.बै.सं. ६७/०७४ मिति २०७४/१२/२७ को बैठकबाट भएको निर्णयअनुसार नै हुने ।

(झ) उल्लिखित व्यहोरा सबै मन्त्रालयहरूलाई कार्यार्थ जानकारी दिने । "

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७४/१२/२७

बोधार्थ तथा कार्यार्थ:

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।